वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १६५ | २०८३ कात्तिक ०६ गते शुक्रबार, नेपाल सम्वत् ११४६ October 23, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

बन्दीपुर-धरमपानी सडक निर्माणमा ढिलाइ, दुई वर्षमा पनि भएन अपेक्षित प्रगति

बाहुनभञ्ज्याङ–झारगाउँ-धरमपानी सडकको काम तीव्र बनाउन र समयमै गुणस्तरीय निर्माण सम्पन्न गराउन स्थानीयको खबरदारी आवश्यक

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

तनहुँको बन्दीपुर गाउँपालिकाको बन्दीपुर-धरमपानी सडक अन्तर्गत बाहुनभञ्ज्याङ–झारगाउँ-धरमपानी सडक निर्माणमा ढिलाइ भएको भन्दै चासो र चिन्ता व्यक्त गरिएको छ । करिब १४ करोड रूपैयाँ बजेटको यस सडक आयोजनामा विगत दुई वर्षदेखि निर्माण कार्य भइरहे पनि अपेक्षित प्रगति हुन सकेको छैन ।

निर्माण कार्यले गति लिन नसक्दा निर्धारित समयमा सडक निर्माण सम्पन्न हुने विषयमा प्रश्न उठेको छ। ठेकेदारको लापरबाहीका कारण काममा ढिलाइ भइरहेको भन्दै निर्माण कार्यलाई तीव्रता दिन र सम्बन्धित निकायलाई जिम्मेवार बनाउन आवश्यक रहेको औंल्याइएको छ ।

सडकको स्थलगत अवलोकनका क्रममा निर्माण कार्यमा भइरहेको ढिलाइलाई गम्भीरतापूर्वक लिनुपर्ने अनुगमन टोलीले जोड दिइएको छ । सडक निर्माणमा ढिलाइ हुँदा त्यसबाट प्रभावित हुने स्थानीय बासिन्दाको चासो सम्बोधन गर्न सम्बन्धित निकायले आवश्यक पहल गर्नुपर्ने देखिएको छ ।

बन्दीपुर गाउँपालिका वडा नं. ५ र ६ का बासिन्दाका लागि महत्त्वपूर्ण मानिएको यस सडक आयोजनालाई समयमै सम्पन्न गराउन स्थानीय तह, सम्बन्धित निकाय र स्थानीय समुदायबीच प्रभावकारी समन्वय आवश्यक छ। निर्माण कार्यको नियमित अनुगमन गरी निर्धारित समयभित्र गुणस्तरीय काम सम्पन्न गराउन सम्बन्धित पक्षले सक्रियता देखाउनुपर्नेमा जोड दिइएको छ ।

विकास निर्माणका आयोजना समयमै सम्पन्न गराउन नागरिकस्तरबाट समेत निरन्तर खबरदारी आवश्यक रहेको स्थानीय सरोकारको विषय बनेको छ । सार्वजनिक बजेटबाट सञ्चालित आयोजनाको काममा ढिलाइ भएमा त्यसको कारण खोज्ने, निर्माणको प्रगति अनुगमन गर्ने र सम्बन्धित पक्षलाई जवाफदेही बनाउने दायित्व सबै पक्षको रहेको स्थानीय अमिर गुरूङ बताउछन्।

सडक निर्माणलाई तीव्रता दिन र गुणस्तर कायम राख्न स्थानीय तह, सम्बन्धित निकाय तथा वडा नं. ५ र ६ का बासिन्दाले आफ्नो तर्फबाट सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको छ । विकास निर्माणका काम प्रभावकारी बनाउन नागरिकको सक्रियता, निरन्तर खबरदारी र सम्बन्धित निकायको जवाफदेहिता महत्त्वपूर्ण हुने देखिन्छ ।



तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावित चार झोलुंगे पुल पुनर्निर्माण गरिने

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको जलाशयका कारण प्रभावित हुने चारवटा झोलुङ्गे पुल पुनर्निर्माण गरिने भएको छ । जलाशय निर्माणसँगै पुराना पुल प्रभावित हुने भएपछि स्थानीय बासिन्दाको आवतजावत सहज बनाउन नयाँ स्थानमा पुल निर्माण गर्न लागिएको हो ।

पुल पुनःस्थापना तथा पुनर्निर्माणका लागि तनहुँ हाइड्रोपावर लिमिटेड र थानी काली जोशी संयुक्त उपक्रम (जेभी), काठमाडौँबीच ठेक्का सम्झौता भइसकेको छ। सम्झौताअनुसार चारवटा पुल निर्माणका लागि करबाहेक १६ करोड ९७ लाख ३८ रूपैयाँ खर्च हुने आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिए।

भण्डारीका अनुसार स्थानीयवासीसँग परामर्श गरी पुल निर्माणका लागि उपयुक्त स्थान छनोट गरिएको छ । आयोजना अन्तर्गत चुलेसी, टुनिबोटे, डब्ल्याङ र टुटुवामा झोलुङ्गे पुल निर्माण गरिनेछ । पुल निर्माणका लागि आवश्यक उपकरण तथा सामग्रीसमेत आपूर्ति भइसकेको उनले बताए ।

जलाशय निर्माणका कारण पुराना पुल प्रभावित हुँदा स्थानीय बासिन्दाको दैनिक आवागमनमा कठिनाइ हुन सक्ने भएकाले वैकल्पिक पुल निर्माणलाई प्राथमिकता दिइएको आयोजनाले जनाएको छ । नयाँ पुल निर्माणपछि स्थानीयवासीलाई आवतजावत गर्न तथा विभिन्न सेवा र सुविधामा पहुँच कायम राख्न सहज हुने अपेक्षा गरिएको छ ।

स्थानीयवासीसँगको परामर्शका आधारमा पुल रहने स्थान तय गरिएकाले पुनर्निर्माणले जलाशयबाट प्रभावित क्षेत्रका बासिन्दाको आवागमन सहज बनाउने भण्डारीले बताए । सम्झौताअनुसार चारवटै झोलुङ्गे पुलको निर्माण २०८५ वैशाखभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।



घुम्नैपर्ने गन्तव्य बन्दै तनहुँको झाँगाझोली

बालबालिकाको खेलदेखि पारिवारिक जमघटसम्म, प्रकृति, स्थानीय स्वाद र आरामदायी बसाइको संगम

भञ्ज्याङ समाचारदाता/तनहुँ

दशैं परिवारसँग रमाउने, आफन्तसँग भेटघाट गर्ने र व्यस्त दैनिकीबाट समय निकालेर खुसी साट्ने पर्व हो । दशैंको बिदामा परिवारका सदस्यसँग घुमफिर गर्ने, मिठा परिकारको स्वाद लिने र प्रकृतिको शान्त वातावरणमा रमाउने योजना बनाउँदै हुनुहुन्छ भने तनहुँको शुक्लागण्डकी नगरपालिका-६ स्थित झाँगाझोली उपयुक्त गन्तव्य बन्न सक्छ ।

पृथ्वीराजमार्गको खैरेनीटार बजारबाट तीनखोलेदेवी मन्दिर जाने बाटोतर्फ करिब २.५ किलोमिटर अगाडि पुगेपछि झाँगाझोली पुगिन्छ । पूर्ण रूपमा कालोपत्रे सडक, पर्याप्त पार्किङस्थल, हरियालीयुक्त पार्क, बाल उद्यान, स्थानीय परिकार र आरामदायी बसाइको सुविधाले झाँगाझोलीलाई पारिवारिक घुमफिरको आकर्षक गन्तव्यका रूपमा चिनाउँदै लगेको छ ।

दशैंको बिदामा टाढाको यात्रा नगरी परिवारसँगै रमाइलो समय बिताउन चाहनेहरूका लागि यहाँ प्रकृति, मनोरञ्जन, खानपान र ज्ञानवर्द्धक गतिविधिको अनुभव एकै ठाउँमा लिन सकिन्छ ।

जडीबुटी उद्यानमा घुम्दै सिक्ने अवसर

झाँगाझोलीको प्रमुख आकर्षणमध्ये 'गौरादेवी प्राकृतिक जडीबुटी उद्यान' एक हो । करिब पाँच रोपनी क्षेत्रफलमा फैलिएको यस उद्यानमा दुई सयभन्दा बढी प्रजातिका जडीबुटीका बिरूवा रोपिएका छन् ।

उद्यानमा रूद्राक्ष, कुरिलो, तेजपात, श्रीखण्ड, बेल, अश्वगन्धा, असुरो, पाखनबेद, तुलसी, नीम, बोझो, टिमुर र लोटसल्ला लगायत वनस्पति अवलोकन गर्न सकिन्छ। बिरूवाको नाम र विवरणसहितका नेमप्लेट राखिएकाले बालबालिकालाई विभिन्न वनस्पति तथा जडीबुटीबारे जानकारी गराउँदै घुमफिरलाई ज्ञानवर्द्धक बनाउन सकिन्छ ।

हात्ती, गैंडा, बाघ र घोडालगायत जनावरका आकर्षक मूर्ति तथा ५० भन्दा बढी प्रजातिका फलफूलका बिरूवा रहेको बगैंचाले पनि आगन्तुकलाई आकर्षित गर्छ। बालबालिकाले खेल्दै र अवलोकन गर्दै नयाँ कुरा सिक्न पाउने भएकाले यो उद्यान पारिवारिक घुमफिरका लागि उपयोगी स्थान बनेको छ ।

हरियाली र शान्त वातावरणमा पारिवारिक रमाइलो

बाँकी तेश्रो पेजमा



सातापछि वर्षा हुन सक्छ, त्रसित हुन आवश्यक छैन

भञ्ज्याङ समाचारदाता/तनहुँ

नेपाल मौसम विज्ञान विभागले आगामी मङ्गलबारदेखि मुलुकको केही भू-भागमा वर्षा हुनसक्ने सम्भावना रहे पनि त्रसित नहुन सबैसँग अनुरोध गरेको छ ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् राजन महर्जनले हाल सामाजिक सञ्जालमा फैलाइएको हल्लालाई लक्षित गर्दै केही भागमा वर्षा भए पनि आत्तिनुपर्ने अवस्था नरहेको स्पष्ट गरे ।

"आगामी मङ्गलबारदेखि वर्षाको सम्भावना छ । तर, कुन स्थानमा कति र कहिलेसम्म वर्षा हुन सक्छ निश्चित छैन" उनले भने, "अहिले सामाजिक सञ्जालतिर सात दिनसम्म वर्षा हुने भनेर फैलाइएको खबरले विशेषगरी किसान त्रसित देखिन्छन् ।

मौसमी प्रणाली परिवर्तनशील छ, हल्लाको पछि नलाग्न र त्रसित नहुन सबैमा अनुरोध छ।" मौसमविद् महर्जनका अनुसार नेपालको सन्दर्भमा तीन दिनसम्म पूर्वानुमान धेरै हदसम्म मिल्ने तर साता दिनसम्मको मिल्दैन । उनले भने, "अब केही दिनपछि आगामी साता हुने वर्षा बारेमा सूचना सम्प्रेषण गर्नेछौं । मौसम तथा वर्षाको विषयमा विभागको आधिकारिक सूचनालाई मात्रै विश्वास गर्नुहुन अनुरोध छ ।"

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७, ९८५६०६०३७६
मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com

सम्पादकीय .....

www.bhanjyangnews.com

दसैंको रमझमपछिका गाउँघर

दसैं आयो, गाउँघरमा चहलपहल बढ्यो । वर्षौंदेखि टाढिएका आफन्त घर फर्किए, आँगनमा बालबालिकाको हाँसो गुञ्जियो, पिङमा रमाउने र बाटोघाटोमा भेटघाट गर्नेहरुको भीड लाग्यो । सुनसान बनेका घरका ढोका खुले, चुलोमा मिठो परिकार पाक्यो र मान्यजनको हातबाट टीका तथा जमरा ग्रहण गर्दै आशीर्वाद लिनेहरुको लर्को लाग्यो । एक-दुई दिनका लागि भए पनि गाउँघरले पुरानै जीवनशैली र आत्मीयता फर्किएको अनुभूति गऱ्यो । तर, दसैंको रमझम सकिएसँगै त्यो चहलपहल पनि बिस्तारै हरायो । हिजोसम्म भरिभराउ देखिएका घरआँगन फेरि सुनसान बने, सडकमा गाडी चढेर सहर तथा विदेशतर्फ फर्किनेहरुको लर्को लाग्यो । केही दिनअघि मात्रै उल्लासले भरिएका गाउँघरमा पुनः एक्लोपन र सन्नाटा छाउन थालेको छ । यो दृश्य नेपाली समाजको बदलिँदो सामाजिक संरचना र गाउँघरको वर्तमान यथार्थको प्रतिनिधि चित्र हो। दसैं केवल धार्मिक आस्था र सांस्कृतिक परम्पराको पर्व मात्र होइन, परिवार र समाजलाई जोड्ने महत्वपूर्ण अवसर पनि हो । तर, वर्षमा एकपटक आउने यो पर्वमा क्षणिक रुपमा देखिने जमघट र रमझमले गाउँघरको दीर्घकालीन सामाजिक समस्यालाई छोप्न सक्दैन । गाउँमा बस्ने मानिसको संख्या घट्दै जानु, युवा पुस्ता रोजगारी र अवसरको खोजीमा बाहिरिनु तथा परम्परागत सामाजिक सम्बन्ध कमजोर बन्दै जानु आजको गम्भीर चुनौती हो। दसैंको धार्मिक मान्यताले असत्यमाथि सत्य, अन्यायमाथि न्याय र खराब प्रवृत्तिमाथि असल आचरणको विजयको सन्देश दिन्छ । त्यस्तै, टीका र जमराको परम्पराले ज्येष्ठप्रति सम्मान, पारिवारिक एकता र पुस्तान्तरणको महत्व सम्झाउँछ । टाढिएका आफन्तबीच भेटघाट हुनु, मनमुटाव बिर्सेर सम्बन्ध सुधार्नु र दुःखसुख साटासाट गर्नु यस पर्वका सुन्दर पक्ष हुन् । तर, यी मूल्यहरु दसैंका केही दिनमा मात्रै सीमित हुनुहुँदैन । पर्व सकिएपछि पनि परिवारप्रतिको जिम्मेवारी, ज्येष्ठ नागरिकप्रतिको सम्मान र समाजप्रतिको उत्तरदायित्व निरन्तर रहनुपर्छ ।

आज गाउँघरमा वृद्धवृद्धा र बालबालिका छाडेर रोजगारीका लागि सहर तथा विदेश जानेको संख्या बढ्दो छ । कतिपय घरमा दसैंमा छोराछोरी आउने प्रतीक्षामा रहेका अभिभावकले केही दिनको भेटघाटपछि फेरि एक्लै दिन बिताउनुपर्ने अवस्था छ। दसैंमा भरिने घर वर्षभरि खाली रहनु र वृद्ध आमाबुबाले चाडपर्वको रमाइलोपछि पुनः एक्लोपन सामना गर्नु केवल भावनात्मक विषय होइन, सामाजिक सुरक्षासँग जोडिएको प्रश्न पनि हो । गाउँबाट युवा पलायन हुनुका पछाडि रोजगारीको अभाव, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र पूर्वाधारको कमी जस्ता कारण छन् । त्यसैले गाउँघरको सन्नाटालाई मानिसको व्यक्तिगत रोजाइका रुपमा मात्र हेरेर पुग्दैन; यसका संरचनागत कारणको खोजी र समाधान आवश्यक छ । गाउँमा मानिस फर्किने वातावरण बनाउन स्थानीय तहदेखि राज्यका सबै निकायले ध्यान दिनुपर्छ । कृषि, पशुपालन, पर्यटन, घरेलु उद्योग र स्थानीय उत्पादनमा आधारित रोजगारी सिर्जना गर्न सकिन्छ । गाउँका मौलिक संस्कृति, परम्परा र प्राकृतिक सम्पदालाई आर्थिक अवसरसँग जोड्न सके युवा पुस्तालाई आफ्नै ठाउँमा सम्भावना खोज्ने आधार मिल्न सक्छ । गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा र भरपर्दो यातायातको व्यवस्था पनि उत्तिकै आवश्यक छ । गाउँमा अवसर नहुने र सहर वा विदेश जानुपर्ने बाध्यता कायम रहँदासम्म दसैंको जमघट क्षणिक पुनर्मिलनमै सीमित भइरहनेछ ।

यससँगै, दसैंलाई देखावटी खर्च र आर्थिक प्रतिस्पर्धाको माध्यम बनाउने प्रवृत्तिबाट पनि मुक्त गर्नुपर्छ । ऋण लिएर भोजभतेर गर्ने, महँगा सामग्री किनेर सामाजिक प्रतिष्ठा देखाउने र अरुसँग तुलना गरेर पर्व मनाउने सोचले आत्मीयताभन्दा आर्थिक बोझ बढाउँछ । पर्वको वास्तविक सौन्दर्य खर्चको परिमाणमा होइन, सम्बन्धको गहिराइमा हुन्छ । आफ्नो क्षमताअनुसार सरल र मर्यादित रुपमा पर्व मनाउँदै विपन्न परिवार, एक्ला ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिको खुसीमा सहभागी हुनु नै दसैंको मानवीय सन्देश हो । दसैं सकिएपछि गाउँघर सुनसान हुनु स्वाभाविक होला, तर गाउँको भविष्य नै सुनसान बन्दै जानु स्वाभाविक मान्न सकिँदैन । केही दिनको रमझमलाई वर्षभरि टिक्ने आत्मीयता, सहकार्य र सामाजिक एकतामा बदल्न आवश्यक छ । परिवारसँग बिताएका क्षणलाई सम्झनामा मात्र सीमित नराखी नियमित संवाद, भेटघाट र सहयोगको संस्कार विकास गर्नुपर्छ । राज्यले गाउँमा अवसर सिर्जना गर्नुपर्छ भने समाजले गाउँप्रतिको अपनत्व र सामूहिक जिम्मेवारीलाई बलियो बनाउनुपर्छ ।

दसैंको सार टीका, जमरा र उत्सवमा मात्र होइन, मानिसलाई मानिससँग जोड्ने भावनामा निहित छ । चाडपर्वमा मात्रै गाउँ फर्किने होइन, गाउँमै भविष्य देख्न सक्ने वातावरण बनाउनु आजको आवश्यकता हो । दसैंपछि गाउँघरमा छाउने सन्नाटा हटाउने उपाय अर्को पर्वको प्रतीक्षा गर्नु होइन; गाउँलाई वर्षभरि जीवन्त बनाउने आर्थिक, सामाजिक र मानवीय आधार निर्माण गर्नु हो । घरका ढोका खुल्ने, आँगनमा हाँसो गुञ्जिने र ज्येष्ठ नागरिकले आफ्ना सन्तानको साथ अनुभव गर्ने अवस्था दसैंका केही दिनमा मात्र होइन, वर्षभरि कायम रहन सके मात्रै पर्वले दिएको एकता र सद्भावको सन्देश सार्थक हुनेछ ।

दसैं पर्व : धार्मिक आस्था र सामाजिक शिक्षाको संगम

दसैं नेपाली समाजको धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनमा गहिरोसँग जोडिएको महत्वपूर्ण पर्व हो । विशेषतः हिन्दू धर्मावलम्बीहरुले श्रद्धा, आस्था र उल्लासका साथ मनाउने यो पर्व नेपाली समाजमा लामो समयदेखि पारिवारिक मिलन, सामाजिक सद्भाव, धार्मिक विश्वास तथा सांस्कृतिक निरन्तरताको प्रतीकका रुपमा स्थापित हुँदै आएको छ । दसैं केवल पूजा, टीका, जमरा र खानपानमा मात्र सीमित पर्व होइन; यसभित्र मानव जीवनलाई नैतिक, सामाजिक र मानवीय मूल्यतर्फ उन्मुख गराउने अनेकौं शिक्षा र सन्देश अन्तर्निहित छन् । त्यसैले दसैंलाई धार्मिक आस्था र सामाजिक शिक्षाको सुन्दर सङ्मका रुपमा लिन सकिन्छ ।

दसैंको धार्मिक पक्षलाई हेर्दा यस पर्वमा शक्ति, सत्य, धर्म, सदाचार र विजयको भाव प्रमुख रुपमा अभिव्यक्त भएको पाइन्छ । धार्मिक मान्यताअनुसार देवी दुर्गाले असुर शक्तिमाथि विजय प्राप्त गरेको स्मरणमा दसैं मनाइन्छ । यसले अन्याय, अत्याचार, अहङ्कार र असत्यमाथि सत्य, न्याय, साहस र सदाचारको विजय हुने विश्वासलाई बलियो बनाउँछ । धार्मिक आख्यान र परम्पराले मानिसलाई खराब प्रवृत्तिको त्याग गरी सकारात्मक, संयमित र नैतिक जीवनतर्फ अघि बढ्न प्रेरित गर्छन् । यस अर्थमा दसैं धार्मिक अनुष्ठानको निरन्तरता मात्र नभई जीवनका असल मूल्यप्रति पुनः प्रतिबद्ध हुने अवसरसमेत हो ।

दसैंका विभिन्न दिन र संस्कारमा धार्मिक विश्वासका विविध रुपहरु देखिन्छन्। घटस्थापनादेखि नवरात्रसम्म गरिने देवीको आराधना, जमरा राख्ने परम्परा, नवदुर्गाको पूजा तथा विजयादशमीका दिन मान्यजनबाट टीका र आशीर्वाद ग्रहण गर्ने संस्कारले धार्मिक आस्थालाई सामाजिक व्यवहारसँग जोडेको छ । विशेषतः टीका तथा जमरा ग्रहण गर्ने परम्पराले आफूभन्दा ज्येष्ठ व्यक्तिप्रति सम्मान, स्नेह र श्रद्धा व्यक्त गर्ने अवसर प्रदान गर्छ । यसले परिवारमा पुस्ताबीचको सम्बन्धलाई सुदृढ बनाउनुका साथै सामाजिक अनुशासन र पारस्परिक सम्मानको भावना विकास गर्न सहयोग पुऱ्याउँछ ।

दसैंको अर्को महत्वपूर्ण पक्ष पारिवारिक एकता हो। रोजगारी, अध्ययन तथा विभिन्न कारणले वर्षभरि भौगोलिक रुपमा टाढा रहेका परिवारका सदस्यहरु दसैंका अवसरमा सकेसम्म आफ्नो घरपरिवार तथा आफन्तसँग भेटघाट गर्ने प्रयास गर्छन् । यसरी पर्वले भौतिक दूरी घटाएर भावनात्मक निकटता बढाउने काम गर्छ । पारिवारिक भेटघाट, सामूहिक भोजन, मान्यजनबाट आशीर्वाद ग्रहण र आफन्तबीचको शुभकामना आदानप्रदानले पारिवारिक सम्बन्धमा आत्मीयता थप्छ । आधुनिक व्यस्त जीवनशैलीमा कमजोर हुँदै गएको पारिवारिक संवाद र सम्बन्धलाई पुनर्जीवित गर्न यस्ता सांस्कृतिक अवसरको विशेष महत्व रहन्छ।



दसैंले सामाजिक शिक्षाको क्षेत्रमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्छ । समाज व्यक्तिहरुको समूह मात्र नभई पारस्परिक सम्बन्ध, सहयोग, सहअस्तित्व र उत्तरदायित्वमा आधारित संरचना हो । दसैंमा आफन्त, छिमेकी, मित्र तथा समुदायबीच शुभकामना आदानप्रदान गर्ने परम्पराले सामाजिक सम्बन्धलाई जीवन्त राख्छ । दुःख-सुखमा साथ दिने, आवश्यकतामा सहयोग गर्ने र अस्मिति सद्भाव राख्ने संस्कारलाई पर्वले प्रोत्साहित गर्छ । यसबाट नयाँ पुस्ताले सामाजिक जीवनमा सहकार्य, सम्मान, सहयोग र सहिष्णुताको महत्वपूर्ण पाठ सिक्न सक्छ ।

दसैंमा ज्येष्ठ नागरिकको सम्मान गर्ने परम्परा विशेष शिक्षाप्रद छ । टीका तथा आशीर्वाद ग्रहण गर्ने क्रममा बालबालिका र युवाले अभिभावक तथा ज्येष्ठ सदस्यप्रति सम्मान व्यक्त गर्छन् । यसले ज्ञान, अनुभव र जीवनदृष्टिको पुस्तान्तरणमा सहयोग पुऱ्याउँछ । ज्येष्ठ व्यक्तिलाई परिवारको ज्ञान र अनुभवको स्रोतका रुपमा सम्मान गर्नु सामाजिक सभ्यताको परिचायक हो। यस अर्थमा दसैंले पुस्ताबीचको सम्बन्धलाई केवल भावनात्मक रुपमा मात्र नभई शैक्षिक र सांस्कृतिक रुपमा पनि बलियो बनाउँछ।

दसैंले क्षमा, मेलमिलाप र सम्बन्ध सुधारको शिक्षा पनि दिन्छ । वर्षभरि कुनै कारणले मनमुटाव भएका आफन्त वा परिचितबीच पर्वका अवसरमा भेटघाट र शुभकामना आदानप्रदान हुँदा सम्बन्ध सुधार्ने वातावरण बन्न सक्छ। रिस, द्वेष, अहङ्कार र वैमनस्यलाई त्यागेर नयाँ सकारात्मक सम्बन्धको सुरूआत गर्नु दसैंको मानवीय पक्षसँग जोडिएको महत्वपूर्ण सन्देश हो। त्यसैले दसैंलाई विगतका असमझदारी बिर्सेर पारस्परिक विश्वास र सद्भाव पुनःस्थापित गर्ने अवसरका रुपमा पनि ग्रहण गर्न सकिन्छ ।

दसैंको सांस्कृतिक पक्ष पनि उत्तिकै महत्वपूर्ण छ । नेपाली समाज विविध जातजाति, भाषा, संस्कृति, परम्परा र जीवनशैलीले समृद्ध छ । दसैंले विभिन्न समुदायका आ-आफ्नै सांस्कृतिक अभ्यासलाई निरन्तरता दिने अवसर प्रदान गर्छ । स्थानीय परम्परा, पारिवारिक संस्कार, मौलिक खानपान, पोसाक, भेटघाट र शुभकामना आदानप्रदानले नेपाली सांस्कृतिक जीवनलाई जीवन्त बनाउँछन् । यसले नयाँ पुस्तालाई आफ्नो संस्कृति र परम्परासँग परिचित गराउँदै सांस्कृतिक पहिचानप्रति गौरव गर्ने भावना विकास गर्न मद्दत गर्छ । यद्यपि बदलिँदो सामाजिक परिवेशसँगै दसैं मनाउने शैलीमा पनि परिवर्तन आएको छ । प्रविधिको विस्तार, बढ्दो उपभोक्तावाद, वैदेशिक रोजगारी, सहरीकरण तथा व्यस्त जीवनशैलीले पर्वको स्वरुपमा नयाँ आयाम थपेका छन् । सामाजिक सञ्जालमार्फत शुभकामना आदानप्रदान गर्ने, डिजिटल माध्यमबाट आफन्तसँग सम्पर्क गर्ने तथा बजारमुखी उपभोग्य सामानको प्रयोग गर्ने प्रवृत्ति बढ्दो देखिन्छ । आधुनिक साधन र प्रविधिको सदुपयोग स्वाभाविक भए पनि पर्वको मूल धार्मिक, सांस्कृतिक र सामाजिक उद्देश्य ओझेलमा पर्नु उचित हुँदैन । बाह्य प्रदर्शनभन्दा आत्मीयता, सद्भाव, संयम र मानवीय मूल्यलाई प्राथमिकता दिन आवश्यक छ ।

दसैंका नाममा हुने अनावश्यक खर्च र प्रतिस्पर्धात्मक उपभोग पनि विचारणीय विषय हो । आर्थिक अवस्था कमजोर भएका परिवारमा सामाजिक दबाबका कारण अनावश्यक खर्च गर्ने प्रवृत्ति देखिन सक्छ । यसले पर्वको आनन्दभन्दा आर्थिक बोझ सिर्जना गर्न सक्छ । त्यसैले दसैंलाई आर्थिक हैसियत प्रदर्शन गर्ने अवसरका रुपमा नभई पारिवारिक आत्मीयता र

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ। पेसा-व्यवसायमा फाइदा हुनेछ।

वृष
अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। पेसा-व्यवसायमा मनग्य फाइदा हुनेछ।

मिथुन
आफ्ना काममा अरुको मुख ताक्ने बानीले पछि परिनेछ। दगो काम सुरू गर्ने समय छ ।

कर्कट
आत्मविश्वासको कमीले पछि परिनेछ। नोक्कासानीका साथै विवादमा फसिने डरले सताउनेछ ।

सिंह
बौद्धिक तथा रचनात्मक काममा जुट्ने समय छ। बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ ।

कन्या
टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ। खानपानको आनन्द प्राप्त हुनेछ ।

तुला
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ।

वृश्चिक
बिहानको समय लाभदायक रहनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।

धनु
प्रयत्न गर्दा रोकिएका काम सम्पादन हुनेछन् । आयस्रोत पनि बढ्नेछ । सहयोगीहरुले काममा साथ दिनेछन् ।

मकर
पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । आयस्रोत बढ्नेछ ।

कुम्भ
पहिलेको दुविधाले निर्णायक मोड लिनेछ। मिहिनेतले उपलब्धिको स्रोत प्राप्त हुनेछ। नाम र दाम बढ्नेछ ।

मीन
पेसा-व्यवसायमा सम्भावना खोजी गर्ने समय छ। दिगो योजना बन्नेछ र नयाँ कार्य थालनी हुनेछ ।



रैथाने बाली फापर थन्क्याउने तयारी : मुस्ताङको घरपझोङ गाउँपालिका-५ स्थित ठिनी गाउँका स्थानीय किसान रैथाने बाली फापर थन्क्याउने तयारी गर्दै । *तस्बिरः सुन्दरकुमार थकाली*

घुम्नैपर्ने गन्तव्य बन्दै .....

खोलाको आसपासको हरियाली, वनजङ्गलको शान्त वातावरण र चराचुरुङ्गीको आवाजले झाँगाझोलीको प्राकृतिक सौन्दर्यलाई थप आकर्षक बनाएको छ । यहाँ परिवारका सदस्यसँगै घुम्ने, बालबालिकालाई खेलाउने, तस्बिर खिच्ने र प्रकृतिसँग नजिक भएर समय बिताउने अवसर पाइन्छ।

शहरको व्यस्तता र दैनिक भागदौडबाट केही समय टाढा रहेर परिवारसँग रमाउन चाहनेहरूका लागि यहाँको शान्त वातावरण उपयुक्त हुन सक्छ । बाल उद्यान र पार्कमा बालबालिकाले रमाइलो गर्न पाउँछन् भने अभिभावकले पनि परिवारसँग फुर्सदको समय बिताउन सक्छन् ।

लोकल कुखुरा र कालिजका परिकारको स्वाद

पारिवारिक घुमफिरलाई अझ रमाइलो बनाउन झाँगाझोलीमा स्थानीय स्वादका परिकारको आनन्द लिन सकिन्छ। यहाँ लोकल कुखुरा र कालिजका विशेष परिकार उपलब्ध छन् ।

दशैंको बिदामा परिवारका सदस्य तथा आफन्तसँग एउटै ठाउँमा बसेर खाना खाने, गफगाफ गर्ने र रमाइलो समय बिताउने अवसरले घुमफिरलाई थप स्मरणीय बनाउन सक्छ।

जन्मदिन, वैवाहिक वर्षगाँठ तथा अन्य पारिवारिक जमघटका लागि क्याम्प फायर र कार्यक्रम हलको सुविधा पनि उपलब्ध छ। परिवारसँग छुट्टै जमघट गर्ने वा विशेष अवसर मनाउने योजना बनाएकाहरूका लागि यी सुविधा उपयोगी हुन सक्छन् ।

एकै दिन घुमेर फर्किनदेखि रात बिताउनसम्म

झाँगाझोली घुम्न एकै दिन पुगेर फर्किन सकिन्छ । तर परिवारसँग हतार नगरी रमाइलो समय बिताउन चाहनेहरूका लागि यहाँ बसाइको सुविधासमेत छ।

यहाँ एसीसहितका कोठाको शुल्क प्रतिकोठा दुई हजारदेखि तीन हजार पाँच सय रूपैयाँसम्म रहेको छ। परिवारको आवश्यकता र बजेटअनुसार बसाइको योजना बनाएर घुमफिर गर्न सकिन्छ ।

झाँगाझोली एग्रो टुरिजम प्रालिका सञ्चालक बाशुराज दाहालका अनुसार उद्यानमा बिदाका दिन पाँच सयभन्दा बढी र अन्य दिनमा दुई सयको हाराहारीमा आन्तरिक पर्यटक आउने गरेका छन्। एक करोड ५० लाख रूपैयाँको लागतमा स्थापना गरिएको जडीबुटी उद्यान तथा अन्य भौतिक संरचनाले यस क्षेत्रको आकर्षण बढाएको छ ।

जडीबुटी संरक्षणदेखि अध्ययन-अनुसन्धानसम्मको लक्ष्य

'गौरादेवी प्राकृतिक जडीबुटी उद्यान' सिन्धुलीको सुनकोशी गाउँपालिका-३ झाँगाझोली निवासी ८९ वर्षीया गौरादेवी दाहालको नाममा स्थापना गरिएको हो।

जडीबुटी तथा वनस्पतिको संरक्षण गर्दै यस क्षेत्रलाई शैक्षिक अध्ययन र अनुसन्धानको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। यसले घुमफिर र मनोरञ्जनसँगै वनस्पति तथा जडीबुटीबारे जानकारी लिन चाहनेहरूका लागि पनि उद्यानलाई उपयोगी बनाएको छ।

कसरी पुग्ने झाँगाझोली ?

तनहुँको शुक्लागण्डकी नगरपालिका-६ स्थित झाँगाझोली पुग्न पृथ्वीराजमार्गको खैरेनीटार बजारसम्म आउनुपर्छ । खैरेनीटारबाट तीनखोलेदेवी मन्दिर जाने बाटोतर्फ करिब २.५ किलोमिटर अगाडि बढेपछि गन्तव्यमा पुगिन्छ ।

सडक पूर्ण रूपमा कालोपत्रे भएकाले निजी सवारीसाधनमा परिवारसहित यात्रा गर्न सहज छ। पर्याप्त पार्किङस्थलको सुविधाले पनि सवारीसाधनमा घुम्न जानेहरूलाई सहज बनाउँछ ।

दशैंको खुसी परिवारसँगै साट्ने अवसर

दशैंमा परिवारसँग बिताएको समय नै जीवनका मीठा सम्झनामध्ये एक बन्न सक्छ। टाढाको यात्रा र ठूलो खर्चभन्दा पनि नजिकैको प्राकृतिक वातावरणमा सँगै हिँड्ने, बालबालिकासँग खेल्ने, मनपर्ने परिकार खाने र आफन्तसँग खुसी साट्ने अवसर खोजिरहनुभएको छ भने झाँगाझोलीलाई आफ्नो दशैं घुमफिरको सूचीमा राख्न सक्नुहुन्छ। प्रकृति, मनोरञ्जन, स्थानीय स्वाद र आरामदायी बसाइको संयोजन रहेको झाँगाझोली तनहुँमै परिवारसँग दशैंको बिदा बिताउन चाहनेहरूका लागि आकर्षक विकल्पका रूपमा विकास हुँदै गएको छ ।

दसैं पर्व : धार्मिक .....

सामाजिक सद्भाव अभिवृद्धि गर्ने अवसरका रूपमा लिनुपर्छ । आफ्नो क्षमताअनुसार सरल, सभ्य र मर्यादित ढङ्गले पर्व मनाउनु नै यसको वास्तविक सौन्दर्य हो । त्यसैगरी पर्व मनाउने क्रममा वातावरणीय तथा सामाजिक उत्तरदायित्वलाई पनि ध्यान दिनुपर्छ। अनावश्यक फोहोर उत्पादन, खाद्यान्नको अपव्यय तथा अत्यधिक उपभोगले वातावरणमा नकारात्मक प्रभाव पार्न सक्छ । पर्वको खुसीसँगै प्रकृति, समुदाय र भविष्यप्रतिको जिम्मेवारीलाई पनि सम्झनु आवश्यक छ । बालबालिका र युवालाई यस्ता विषयमा सचेत गराउन सके दसैं धार्मिक संस्कारसँगै व्यवहारिक सामाजिक शिक्षाको माध्यम बन्न सक्छ।

शैक्षिक दृष्टिले हेर्दा दसैंलाई विद्यालय तथा महाविद्यालयमा पनि मूल्यशिक्षासँग जोड्न सकिन्छ । दसैंको धार्मिक र सांस्कृतिक पक्षबारे जानकारी दिँदै विद्यार्थीलाई सत्य, न्याय, अनुशासन, ज्येष्ठप्रति सम्मान, पारिवारिक एकता, सामाजिक सद्भाव, सहयोग र जिम्मेवारीजस्ता मूल्यबारे व्यवहारिक शिक्षा दिन सकिन्छ। यसबाट पर्व केवल बिदाको अवसर नभई जीवनोपयोगी ज्ञान र सामाजिक चेतना विकास गर्ने माध्यम बन्न सक्छ ।

अन्ततः दसैं नेपाली समाजको धार्मिक आस्था, सांस्कृतिक पहिचान र सामाजिक सम्बन्धलाई एकै सूत्रमा बाँध्ने महत्वपूर्ण पर्व हो । यसले सत्यको पक्षमा उभिन, अन्यायको विरोध गर्न, ज्येष्ठको सम्मान गर्न, परिवारसँग आत्मीय सम्बन्ध कायम गर्न, सामाजिक सद्भाव बढाउन तथा मानवीय मूल्यलाई व्यवहारमा उतार्न प्रेरित गर्छ । त्यसैले दसैंको वास्तविक सार टीका, जमरा, पूजा र उत्सवमा मात्र सीमित छैन; यसको गहिरो अर्थ सकारात्मक सोच, आत्मीय सम्बन्ध, सामाजिक उत्तरदायित्व र मानवीय सद्भावको विकासमा निहित छ । धार्मिक आस्थालाई सामाजिक शिक्षासँग जोड्दै सरल, मर्यादित, समावेशी र उत्तरदायी ढङ्गले दसैं मनाउन सके यस पर्वले नेपाली समाजको नैतिक तथा सांस्कृतिक जीवनलाई अझ समृद्ध बनाउन महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

स्तनपान र पुरक तथा थप खाना बारे जानकारी :

- जन्मेको १ घण्टा भित्र स्तनपान गराउन सुरू गर्ने ।
- जन्मेदेखि ६ महिनाको उमेरसम्म शिशुलाई आवश्यक पर्ने सम्पुर्ण पोषक तत्व आमाको दुधले नै प्रदान गर्ने भएकोले पुर्ण स्तनपान गराउने (अन्य कुनै खाना वा झोल कुरा नखुवाउने)
- ६ महिना पूरा भइसकेपछी बच्चालाई आमाको दुधले मात्र नपुग्ने भएकाले स्तनपानको साथ साथै थप आहार दिन सुरू गर्नु पर्छ
- पुरक तथा थप खाना खुवाउँदा ४ प्रकारका खानेकुरा (अन्न/कन्दमुल, गेडागुडी, हरियो सागपात/फलफुल र पशुजन्य खाना) मिसाएर खुवाउने ।
- ६-९ महिनाको बच्चाले कम्तिमा ३ पटक थप खाना खानु पर्दछ
- ९-१२ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र १ पटक खाजा खानु पर्दछ ।
- १२-२४ महिनाको बच्चाले कम्तिमा ३ पटक खाना र २ पटक खाजा खानु पर्दछ ।

बच्चालाई पुरक तथा थप खाना बनाउँदा २ बालबालिकाको चिन्ह भएको आयोडिन युक्त नुनको प्रयोग गर्नु पर्छ। साथै खाना खानु अघि पछि साबुन पानीले हात मिचिमिचि धुने र स्वच्छ पानीको प्रयोग गर्नु पर्छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँ
दमौली तनहुँ । गण्डकी प्रदेश

bhanjyangnews.com

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको बिक्री-वितरण नगर्नु नगराउनु हुन ।

नेपाल सरकारको निर्णय तथा प्रचलित कानून बमोजिम प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको उत्पादन, आयात, बिक्री-वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाइएको हुँदा व्यास नगरपालिका क्षेत्र भित्र यस्ता सामाग्रीको कारोबार तथा प्रयोग नगर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । नगरपालिबाट बजार तथा व्यवसायिक क्षेत्रमा अनुगमन गरिनेछ र कानून विपरीत कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिदे व्यहोरा जनकारी गरिन्छ ।

प्राकृतिक फूल तथा वातावरणमैत्री सामाग्र प्रयोग गरौं, वातावरण संरक्षणमा सहयोग गरौं ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कात्तिक ८ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा.अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

कात्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कात्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



खुलेको हिमाल
पर्यटकीय नगरी तनहुँको बन्दीपुरस्थित टुडिखेलबाट विहीबार साँझपख देखिएको हिमालको सन्दर हृष्य । बन्दीपुर आसपासबाट हिमाली दृष्यका साथ पहाडका आकर्षक तरिले अवलोकन गर्न सकिन्छ।
तस्विर : भञ्ज्याङ

तनहुँको मिर्लुङमा १४औं सिद्धबाबा कप फुटबल प्रतियोगिता

विजेतालाई एक लाख र उपविजेतालाई ५० हजार रूपैयाँ

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिका-१३ मिर्लुङको प्याङ्स्वाँरामा १४औँ सिद्धबाबा कप-२०८३ खुला फुटबल प्रतियोगिता आयोजना गरिएको छ । सिद्धबाबा युवा क्लबले ठूलोढुंगा खेल मैदानमा आगामी कात्तिक ७ गतेदेखि ७ 'ए' साइड प्रतियोगिता सञ्चालन गर्न लागेको हो ।

प्रतियोगितामा सहभागी हुन इच्छुक टोलीले कात्तिक ६ गतेसम्म टिम दर्ता गराउन सक्ने आयोजकले जनाएको छ । प्रतियोगितामा प्रत्येक टोलीबाट ७ जना खेलाडी र ३ जना अतिरिक्त खेलाडीसहित १० जना सहभागी हुन पाउनेछन् । टिम दर्ता शुल्क ६ हजार रूपैयाँ र थप १ हजार रूपैयाँ धरौटी तोकिएको छ ।



गोलरक्षकलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

श्री शान्ति युवा क्लब सह-आयोजक रहेको प्रतियोगिता कात्तिक ७ गते दिउँसो १ बजेबाट सुरू हुने आयोजकले जनाएको छ । प्रतियोगितामा सहभागी हुन तथा थप जानकारी लिन अध्यक्ष खेम गुरूङलाई ९८४१०२९८०८ र संयोजक सुरज गुरूङलाई ९८२८७२३२४६ वा ९७४४४५७०५२ मा सम्पर्क गर्न सकिने बताइएको छ। स्थानीय क्षेत्रमा फुटबल खेलको विकास, खेलाडीको प्रतिभा पहिचान र खेलकुदमार्फत युवालाई सक्रिय बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter



Saral Suman
x.com/Saralsuman1

एक भारतीय हास्य कविले राजनीति र कूटनीतिलाई ठट्टाको शैलीमा निकै सरल भाषामा बुझाउनुभएको छः
"राजनीति भनेको भोकै ढोकामा आएको कुकुरलाई दैनिक खाना दिएर आफ्नो घरपालुवा (पाल्तु) बनाउनु हो भने कूटनीति भनेको टोक्न आएको कुकुरलाई मासुको टुक्रा दिएर अल्मल्याउनु र अर्को हातमा टाउकामा प्रहार गर्ने लट्ठी नआउञ्जेलसम्म उसलाई मायाले सुम्सुम्याइरहनु हो।"
अब बुझ्नुपर्ने मुख्य कुरा के हो भने, अधिकांश राजनीति र कूटनीति या त कसैलाई आफ्नो वशमा पार्न (पाल्तु बनाउन) वा उपयुक्त मौका पारेर विरोधीको शिर फुटाउनका लागि गरिन्छ। आजको दुनियाँमा आन्तरिक तथा अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिको यथार्थ यही हो। यसमा थप भन्नुपर्दा, कुकुर पाल्ने क्षमता भएकाहरू सीमित छन्, तर कुकुरका श्रेणीहरू भने तहगत (क्रमबद्ध) छन् ।
आजको युगमा राजनीति र कूटनीतिमा सफल हुनका लागि कुकुर पाल्न सक्ने, कुकुरहरूलाई मासुका टुक्रा दिएर अल्मल्याउन सक्ने र उपयुक्त समयमा लट्ठी हान्न सक्ने हुनुपर्छ; जसका लागि अथाहा धन र बल चाहिन्छ। धन र बल बिनाको राजनीति तथा कूटनीति प्रायः सफल हुँदैन। यो कुरा व्यक्ति र राष्ट्र दुवैका हकमा लागू हुन्छ।
तर, राजनीतिमा अर्को एउटा बाटो पनि छ- रूसी पूर्वराष्ट्रपति निकिता खुश्चेभको बाटो । के हो त 'खुश्चेभको बाटो'?
खुश्चेभको यो बाटो हो दोहोरो चरित्रको बाटोः शक्तिमा नपुगुञ्जेल वा कमजोर हुँदा बलियो शक्तिको अगाडि पूर्ण रूपमा झुक्रेर चाप्लुसी गर्नु र आफू शक्तिमा आएपछि आफ्नो मनलाग्दी गर्नु । खुश्चेभ आफैं पनि जोसेफ स्टालिनको शासनकालमा आफ्नो जीवन रक्षा गर्न र सत्ताको शीर्ष तहसम्म पुग्न स्टालिनको चरम चाप्लुसी गर्थे। कतिसम्म भने खुश्चेभले सार्वजनिक सभा-समारोहहरूमा स्टालिनलाई 'हाम्रा महान् नेता', 'मानव जातिका शिक्षक' र 'प्रतिभाशाली गुरू' जस्ता शब्दहरू प्रयोग गरेर निरन्तर चापुलुसी गर्ने गर्थेा स्टालिनको मृत्युपछि सत्तामा पुगेका खुश्चेभले स्टालिनकै अत्याचारको भण्डाफोर भन्दै स्टालिनको विरोध गरे। यसको एउटा प्रशंग वडा रोचक छ-
निकीता खुश्चेभले सन् १९५६ मा सोभियत संघको कम्युनिस्ट पार्टीको बीसौं महाधिवेशनमा स्टालिनका दुष्कर्म र अत्याचारहरूको खुलासा गर्दै एउटा "गोप्य भाषण" (क्भअचभत कउभभअज) दिएका थिए।
रूत्यस भाषणका क्रममा भएको एउटा प्रसिद्ध घटना निकै रोचक छः
रूभाषण चल्दै गर्दा सभाहलमा उपस्थित एक अज्ञात प्रतिनिधिले हलबाटै चिच्याउँदै सोधे -
- "स्टालिन ज्यूँदो हुँदा र यी सबै अत्याचार गरिरहँदा तपाईं कहाँ हुनुहुन्थ्यो? त्यतिबेला तपाईंले उहाँको विरोध किन गर्नुभएन?"
रूयो प्रश्न सुनेपछि खुश्चेभले तुरून्तै हलतिर हेर्दै कडा आवाजमा भनेः
- "यो प्रश्न कसले सोधेको हो? कृपया उभिनुहोस"
रूपूरा सभाहलमा सन्नाटा छायो। कोही पनि उठ्न हिम्मत गरेनन्। सबैजना डरले काँप्न थाले।
- केही क्षणको मसाने शान्तिपछि खुश्चेभले हल्का मुस्कुराउँदै भनेः
- "साथीहरू, अब बुझ्नुभयो? स्टालिन ज्यूँदो हुँदा म जहाँ थिएँ र जुन डरमा थिएँ, आज तपाईंहरू पनि ठीक त्यही ठाउँमा र त्यस्तै डरमा हुनुहुन्छ ।"
अन्त्यमा : आजको युगमा स्वतन्त्र हुन आर्थिक र मानसिक रूपमा स्वतन्त्र बन्न जरूरी छ। नत्र भोक र अनावश्यक खोक्रा जार्गनले कुकुर बनाउँछ...

तनहुँकी सुप्रियाले ३७५० अमेरिकी डलर पुरस्कार पाउने

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँको भानु नगरपालिका-११ की मेडिकल विद्यार्थी सुप्रिया अधिकारीले प्रविधि तथा साइबर सुरक्षाको क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेकी छन् । चिकित्सा शिक्षासँगै प्रविधिमा रूचि राख्दै आएकी अधिकारीले विश्वप्रसिद्ध प्रविधि कम्पनी मेटा(Meta) बाट ३ हजार ७५० अमेरिकी डलर बग बाउन्टी पुरस्कार पाउने भएकी हुन् ।

अधिकारीले मेटाको प्राविधिक प्रणालीमा रहेको सम्भावित कमजोरी पहिचान गरी त्यसबारे विस्तृत प्रतिवेदन कम्पनीसमक्ष पेस गरेकी थिइन्। उनले बुझाएको प्रतिवेदनलाई मेटाले स्वीकार गर्दै प्राविधिक कमजोरी पहिचान गरी जिम्मेवार ढङ्गले रिपोर्ट गरेकोमा ३ हजार ७५० अमेरिकी डलर (US$ ३,७५०) पुरस्कार दिने निर्णय गरेको हो ।



बग बाउन्टी कार्यक्रमअन्तर्गत प्रविधि कम्पनीहरूले आफ्ना प्रणाली, वेबसाइट तथा एप्लिकेसनमा रहेका सुरक्षा कमजोरी पहिचान गरी जिम्मेवार ढङ्गले जानकारी गराउने अनुसन्धानकर्तालाई पुरस्कार प्रदान गर्छन् । यस्ता कार्यक्रमले सम्भावित साइबर आक्रमण रोक्न, प्रयोगकर्ताको डेटा सुरक्षित राख्न र डिजिटल प्रणालीको सुरक्षा मजबुत बनाउन सहयोग पुऱ्याउँछन्।

चिकित्सा शिक्षामा अध्ययनरत अधिकारीले साइबर सुरक्षा तथा प्रविधिको क्षेत्रमा देखाएको सक्रियता र सफलतालाई उल्लेखनीय उपलब्धिका रूपमा लिनसकिन्छ। उनको यो सफलताले चिकित्सा क्षेत्रबाहेक अन्य प्राविधिक क्षेत्रमा पनि नेपाली युवाको रूचि, क्षमता र सम्भावना उजागर गरेको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४